DAO Kathmandu Reg. No.55-2070/071 SWC Reg. No. 37675

"लोकतन्त्रको संस्थागत विकास तथा स्थायित्वका लागि"

# निर्वाचन पर्यवेक्षण समिति नेपाल
# Election Observation Committee Nepal (EOC-Nepal)

## प्रेस विज्ञप्ति

आज संवत् २०७९ बैशाख ३० गते, मुलुकैभरका सवै स्थानीय तहको लागि एकै चरणमा भएको निर्वाचनमा बिहान ७ बजेदेखि सुरु भई बेलुका ५ बजेसम्म मतदान भएको थियो । निर्वाचनको लागि यस संस्थाको तर्फवाट ७४ वटा जिल्लामा ४०३ जना राष्ट्रिय पर्यवेक्षकहरु र अन्य स्वतन्त्र बुद्दिजीवीहरु समेत सहभागितामा गरिएको स्थलगत पर्यवेक्षणवाट आज मध्यान्हसम्म प्राप्त भएको प्रारम्भिक जानकारी एवम् विश्लेषणवमोजिम् निर्वाचन अपेक्षकृतरुपमा अनुमान गरिएको भन्दा केहि फरक तर सापेक्षितरुपमा शान्तिपूर्ण वातावरणमा (Not in entirety but relatively in a peaceful manner) सम्पन्न भएको देखिन्छ साथै यो निर्वाचनमा आम मतदाताहरुले उत्साहपूर्वक सहभागिता जनाएको समेत देखिएको छ ।

निर्वाचन पर्यवेक्षणको सिलसिलामा स्थलगत पर्यवेक्षणको लागि खटिएका पर्यवेक्षकहरुले प्रत्यक्ष देखेर जानकारीमा लिईएका घटनाहरुलाई निम्नरुपमा उल्लेख गरिनु प्राशंगिक हुने देखिन्छ ।

विशेष गरेर महिलाहरुको लागि र शाररीक फरक क्षमता भएका मतदाताहरुको लागि मतदानस्थलमा मतदान गर्न पहुँचको अशुविधा भएको देखियो । कुनैकुनै मतदानस्थालमा शाररीक क्षमत कमजोर भएका मतदाताहरु वैशाखी टेकेर, जेष्ठ नागरिकहरु आफन्तको काँधमा झुण्डिएर, गएका समेत देखिए । नेपालगंजमा ह्वील चियर मतदान केन्द्रभित्र लग्न नदिइ एकदमै कष्टपूर्वक घिस्रिदै मतदान केन्द्रभित्र मतदान गर्न गएको पाइयो ।

अशक्त र सहारा चाहिने व्यक्तिहरुको लागि मतदान गर्न आफ्नो नजिकको नातेदारले सहयोग गर्न पाउने कानुनी अधिकारको दुरुपयोग गरेको देखियो र यसैलाई कारण बनाएर राजनीतिक दलहरुबीच आपसी द्वन्दको वातावरण सिर्जना भएको समेत देखियो ।

हुम्ला, बारा, बाजुरा, गोरखा, ओखलढुंगा, रामेछाप, दोलखा, सिरहा, सर्लाही, बझाङ्ग, रोल्पा, सप्तरी, रौतहट, जुम्ला, तनहु, पर्वत, दैलेख लगाएतका कतिपय निर्वाचन केन्द्रहरुमा हिंसात्मक घटनाहरु भई प्रहरीहरुद्धारा हवाई फायर नै गर्नुपर्ने अवस्थाहरुको सिर्जना भएको पाईयो, जसले निर्वाचनमा आयोगले प्रचार गरेबमोजिम निर्वाचन सुरक्षामा पनि सवाल उठेको छ । कतिपय स्थानहरु मतदान स्थगन भइ फेरी निर्वाचनको दिन तोक्नुपर्ने अवस्था सिर्जना भएको छ ।

छिटपुटरुपमा भएका आपसी द्वन्द, झडप, झगडा र हिंसात्मक घटनाहरुले हाम्रा पर्यवेक्षकहरुले समेत असुरक्षित महशुस गर्न परेको र भयवित वातावरणमा पर्यवेक्षण गरेको जानकारी प्राप्त भएका छन् ।

कुनैकुनै मतदानस्थलमा खटिएका कर्मचारीहरुको व्यक्तिगत राजनीतिक आस्था निर्वाचन स्वच्छताको लागि अवरोधका रुपमा देखिएको र दुर्वल पक्षका प्रतिस्पर्धिहरु विरोधमा मात्र सिमित रहन गएका देखिएका थिए र यस्तो व्यवहारमाथि प्रश्न उठाईएको छ ।

यसैगरी यसपालि निर्वाचन शिक्षा मौन अवधिमा मात्र संचालन गर्ने निर्वाचन आयोगको योजना भएतापनि, स्वयम् निर्वाचन अधिकृतहरुनै अनभिज्ञ भएको पाइयो जसका कारण निर्वाचन प्रक्रियानै लम्बिन गएको र मतदाताहरु प्रतिकुल मौसमका बाबजुत पनि लामो लाइनमा बस्न परेको पर्यवेक्षणका क्रममा जानकारीमा आएका छन् । आयोगले मौसम प्रतिकुलताको पूर्वअनुमानका आधारमा निर्वाचन केन्द्रहरुमा हावापानिबाट बच्नकालागि त्रिपालहरुको व्यवस्था गर्न भनिएको थियो तर धेरै स्थानमा सो को पालना भएको पाइएन जसका कारण मतदाताहरुलाई असहजता भएको र मतदानमा कमि ल्याइएको देखियो ।

निर्वाचन पर्यवेक्षण समिति-नेपालले गरेको सुक्ष्म अध्ययन/अनुसंन्धान र पर्यवेक्षणको आधारमा विश्लेषणात्मक सुझाब निष्कर्ष सहितको प्रतिवेदन पछि सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्तगर्दै निर्वाचनलाई सम्पन्न गर्न प्रत्यक्ष अप्रत्यक्षरुपमा साथ, सहयोग, सुझाब, सहकार्य र समझदारी एवम् सहजिकरणमा सहभागि साझेदारहरु सफल हुनुहुनेहरुमा हार्दिक बधाई छ साथै निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न आ-आफ्नो तर्फबाट योगदान गर्नुहुने सबैमा धन्यवाद पनि व्यक्त गर्दछौं ।

निर्वाचन पर्यवेक्षण समिति-नेपाल (इओसि नेपाल)

काठमाण्डौ, बैशाख ३० गते

Buddhangar -10, Kathmandu Nepal
Tel. 01-4794568, Fax. 01-4791044 Email. eocnepal123@gmail.com, Web site : www.eocnepal.org.np